# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
## (परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
Email : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


मिति : २०८२ । ०५ । २३

### स्नातक तहको प्रवेश परीक्षा (CMAT) - २०२५ को नतीजा प्रकाशन सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयवाट मिति २०८२ । ०५ । २१ (6th September 2025) मा संचालन भएको ***BBA/BITM/BTTM/BHM/BBM/BMS/BPA/BBA-F*** कार्यक्रमको प्रवेश परीक्षा (CMAT - 2025) - २०२५ को मिति २०८२ । ०५ । २३ मा बसेको प्रवेश परीक्षा संचालक समितिको बैठकद्वारा परीक्षाफल प्रकाशन गर्ने निर्णय भए अनुसार नतिजा प्रकाशन गरिएको छ ।

*नोट :-* *१)* ***BBA/BITM/BTTM/BHM/BBM/BMS/BPA/BBA-F*** *भर्नाका लागि लिइएको* ***CMAT-2025*** *परीक्षामा उत्तिर्ण विद्यार्थीलाई भर्नाका लागि सम्बन्धित क्याम्पस/कलेजले तोकिएको आधारमा भर्नाका लागि आवश्यक प्रकृया अवलम्बन गर्नुपर्नेछ । छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरुको छनौटका लागि व्यवस्थापन संकाय, डीनको कार्यालय, त्रि.वि.को वेबसाइट* ***www.tudoms.org / www.fomecd.edu.np*** *मा राखिएको फर्म भराई त्रि.वि. कार्यकारी परिषद्द्वारा पारित छात्रवृत्ति सम्बन्धी निर्णय तथा व्यवस्थापन संकायद्वारा जारी गरिएको छात्रवृत्ति सम्बन्धी कार्यविधि - २०७९ अनुसार तोकेको छात्रवृत्ति सम्बन्धी आधार समेतको पूर्ण पालना गर्नुपर्नेछ । उक्त छात्रवृत्तिमा छनौट भएका विद्यार्थीको सूची भर्ना समाप्त भएको मितिले १५ दिन भित्र डीनको कार्यालय, व्यवस्थापन संकाय, त्रि.वि.मा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।*

*२) नियमित भर्नाका लागि विद्यार्थी छनौट भई सूची प्रकाशन गर्दा तोकिएको सिट संख्याका आधारमा योग्यताक्रम अनुसारको भर्ना योग्य सूची प्रकाशन गर्नुपर्नेछ । यदि प्रथम सूचीमा दिइएको समय भित्र भर्ना हुन नआएमा अनिवार्य रुपमा दोस्रो, तेस्रो तथा आवश्यकता अनुसारको योग्यता सूची प्रकाशन गरी सोही आधारमा भर्ना गर्नुपर्नेछ ।*

.............................
प्रा. डा. दिलिप पराजुली
सहायक डीन
संयोजक
प्रवेश परीक्षा समिति